# क्षीरेश्वरनाथ नगरपालिका कार्यालय

**महेन्द्रनगर,धनुषा, नेपाल**

**सौर्य सडक बत्ती जडान सम्बन्धि बोलपत्र आव्हानको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति : २०७२।११।०४ गते -

आ.व.२०७२/०७३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस क्षीरेश्वरनाथ नगरपालिका क्षेत्रमा वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र र **क्षीरेश्वरनाथ** नगरपालिकाको संयुक्त लगानीमा शहरी सौर्य उर्जा जडान गर्न कम्पनीहरुबाट सौर्य सडक बत्ती जडान गर्न निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु:-**

१. बोलपत्र फारम रु १,०००।–(पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म वा सो दिन विदा परे सो को भोलि पल्ट कार्यालय समयमा बुदा नम्वर ६ मा उल्लेखित कागजातहरु निवेदन साथ पेश गरी खरिद गर्न सकिने छ ।

२. खरिद भएको वोलपत्र फाराम फर्मले सिलवन्दी गरी खाम वाहिर आफनों फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा मिति **३१ औ** दिनको १२ बजे भित्र दर्ता गरी सक्नू पर्नेछ । उक्त दिन सार्वजनिक विदा परे उक्त कार्य कार्यालय खुलेको भोलि पल्ट हुनेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पूग्नेछैन । कारणवश सिलवन्दी बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ

३. बोलपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाउमा बोलपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।

४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री -(ने.रा.बैंक जनकपुर), को धरौटी खाता नं. १६०४७०३/००१-०३०-५२४, कार्यालय कोड नं.१७-३६५-०३ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्ने छ ।

५. ठेक्का स्वीकृत भए पछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको श्री(-(ने.रा.बैंक जनकपुर),), को धरौटी खाता नं. १६०४७०३/००१-०३०-५२४, कार्यालय कोड नं.१७-३६५-०३ खातामा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२०दिन महिना म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

६ बोलपत्रदाताको ग्राहयताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्र साथ नोटरी पब्लिक बाट प्रमाणित गरिएका देहायका कागजात पेश गर्नु पर्नेछ । (क) फर्म/संस्था/कम्पनीदर्ता प्रमाण पत्रको प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि (ग) बोलपत्रदाताले खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवशाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा प्रति (घ) आ.व. २०७१/०७२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (ङ) बैकलपिक उर्जा प्रवर्द्धन केन्द्र खुमलटार ललितपुरबाट मान्यता प्राप्त गरेको पत्रको प्रतिलिपी ।

७.बोलपत्र फारमको Section III Biding data को ITB 3.1 मा उल्लेखित योग्यताहरु पूरा गरेका योग्य बोलपत्र दाताको प्रस्ताव स्वीकृत गरिनेछ ।

८.दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । वोलपत्र फारमको प्रत्येक पानामा सम्वन्धीत ठेकदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।

९.एक फर्मको नाममा खरिद गरिएको वोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

१०. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।

११. बोलपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।

१२. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ । अन्य कुराहरु वोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

१३.थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । यो सुचना www.chhireshwornathmun.gov.np मा समेत Download गरी हेर्न सकिने छ ।

| ठेक्का नं. | आयोजनाको नाम | ल.ई.रकम(मु.अ.कर वाहेक ) | धरोटी रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| SSL-1/2072-073 | सौर्य सडक बत्ती जडान कार्य | ४०११४५०।- | ११९९५०।- | १०००।- | |

कार्यकारी अधिकृत